बर्दिबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दिबास, महोत्तरी, मधेश प्रदेश

बर्दिबास नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिबास, महोत्तरी मधेश प्रदेश, नेपाल २०७३

प.स.:-२०८०/८१

च.न. 2456

मितिः-२०८०/१०/१६

**विषयः सामाजिक सुरक्षा योजनामा सहभागी हुन आवेदन दिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व.:२०८०/८१ को वार्षिक स्विकृत कार्यक्रम अनुसार यस नगरपालिका भित्र स्थायी बसोबास गर्ने अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगार व्यक्तिको लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालन हुन गईरहेको हुदा योजनामा सहभागी हुन इच्छुक व्यक्तिले सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजात सहित सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु:

| क्र.स. | अनौपचारिक क्षेत्रका श्रमिकको लागि | स्वरोजगार व्यक्तिको लागि |
|---|---|---|
| १. | सम्पर्क न.सहितको हस्तलिखित आवेदन | सम्पर्क न.सहितको हस्तलिखित आवेदन |
| २. | नागरिकताको फोटोकापी | नागरिकताको फोटोकापी |
| ३. | पासपोर्ट साइजको फोटो २ प्रति | पासपोर्ट साइजको फोटो २ प्रति |
| ४. | सम्बन्धित वडा कार्यालयको निज अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक रहेको भनि गरेको सिफारिस पत्र | पेशा वा व्यवसाय दर्ता प्रमाणपत्रको फोटोकापी/ दर्ता नभएको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र |
| ५. | मासिक कोषमा जम्मा गर्ने सम्बन्धित व्यक्तिको स्वघोषणा पत्र | मासिक कोषमा जम्मा गर्ने सम्बन्धित व्यक्तिको स्वघोषणा पत्र |
| ६. | बैंक चेकको फोटोकापी | बैंक चेकको फोटोकापी |
| ७. | पैन कार्डको फोटोकापी | पैन कार्ड वा कर दर्ता प्रमाणपत्रको फोटोकापी |

२०८०।१०।१६

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

बर्दिबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दिबास ,महोत्तरी, मधेश प्रदेश

स्थापना

बर्दिबास नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिबास, महोत्तरी मधेश प्रदेश, नेपाल २०७३

प.स.:-२०८०/८१

च.न.:-

मितिः-२०८०/१०/१६

---

**योजनामा सहभागी हुन पुरा गर्नुपर्ने आवश्यक मापदण्डहरुः**

१. वडाबाट प्राप्त निवेदन उपर सामाजिक विकास समितिले आवश्यक परिमार्जन गरि सूचिकृत श्रमिकको अन्तिम नामावाली प्रकाशन गरिनेछ ।

२. अन्तिम नामावलीमा सूचिकृत श्रमिक यस चालु आर्थिक वर्षको लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको योगदानकर्ता सूचिमा सूचिकृत रहनेछन ।

३. यस योजनामा सहभागी हुन प्रत्येक श्रमिकले अनिवार्य बैंक खाता खोलेको हुनु पर्नेछ ।

४. यस योजनामा सहभागी भए पश्चात योगदानकर्ताले अनिवार्य मासिक रुपमा सामाजिक सुरक्षा कोषमा योगदान गर्नु पर्नेछ ।

५. अनौपचारिक क्षेत्रका श्रमिकको न्यूनतम आधारभूत पारिश्रमिकबाट ११% रकम र नगरपालिकाको तर्फबाट ९.३७% थप गरि कुल २०.३७ % रकम मासिक रुपमा सामाजिक सुरक्षा कोषमा जम्मा गरिनेछ ।

६. अनौपचारिक क्षेत्रका सूचिकृत श्रमिकको खातामा जम्मा भएको रकमको विवरणको आधारमा नगरपालिकाबाट नेपाल सरकारले औधोगिक क्षेत्रका लागि तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको ९.३७ % बराबरको रकम थप गरि सामाजिक सुरक्षा कोषमा जम्मा गरिनेछ ।

७. स्वरोजगार क्षेत्रका व्यक्तिले योजनामा सहभागी हुन जम्मा न्यूनतम आधारभूत पारिश्रमिकको ३१ % वा त्यसको ३ गुणा सम्म रकम कोषमा जम्मा गर्नु पर्नेछ ।

८. सूचिकृत योगदानकर्ता श्रमिकहरुले सामाजिक सुरक्षा योजनाको सुविधाहरु प्राप्त गर्नका लागि घटना घटेको भन्दा अघिको १२ महिनामा कम्तिमा ९ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनु पर्नेछ ।

९. योगदानकर्ताले योगदान रकम अग्रिम आवधिक रुपमा जम्मा गर्न सकिने तथा अवकाश बचत योजनामा जम्मा हुने गरि अतिरिक्त रकम जम्मा गर्न सक्नेछन ।

१०. गरिब घरपरिवार सूचिमा सूचिकृत परिवारको सदस्यलाई प्राथमिकता दिईनेछ ।

२०८०।१०।१६

किरण निधि तिवारी